# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान

कर्णाली प्रदेश नेपाल
Website:www.darmamun.gov.np
email add. ito.darmamun@gmail.com


पत्र संख्या-२०८०/०८१
चलानी नं.:- ३५६

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/५/१९ गते

नेपालको संविधानको अनुसुची ८,स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस दार्मा गाउँपालिकाको व्यवसाय दर्ता नविकरण कार्यविधि २०७९ को दफा १२ बमोजिम हालसम्म गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति फर्म वा कम्पनिले यो सूचना प्रकाशित भएको ३५ (पैंतिस) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी आफ्नो व्यवसाय दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना म्यादभित्र उद्योग ,व्यवसाय दर्ता गर्ने उद्योगी , व्यवसायीहरुलाई ५०% दर्ता शुल्क छुट गरिने व्यहोरा जानकारी गराईन्छ । साथै सूचनाको म्याद भित्र दर्ता नगरी सञ्चालन हुने उद्योग ,व्यवसायीहरुलाई दार्मा गाउँपालिकाको व्यवसाय दर्ता नविकरण कार्यविधि २०७९ को दफा १४ बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

उद्योग व्यवसाय दर्ताका लागि संलग्न गर्नुपर्ने कागजातहरु

(क) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसुची १ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ग) व्यबसाय संचालकको पासपोर्ट साईजको फोटो २ प्रति ।

(घ) व्यबसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि , कम्तीमा १० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज ।

(ङ) स्थानिय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र )।

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस ।